# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या-४६२ मितिः २०६४/६/६

**नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथली लगायत इजाजत प्राप्त "क"वर्गका बैंकहरु ।**

विषय :- **परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट आयात गर्न पाइने व्यवस्था सम्बन्धमा ।**

महाशय,

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट गरिने आयात सम्बन्धमा यस विभागको इ.प्रा. परिपत्र संख्या ३८३ मिति २०६३।११।१२ को परिपत्रमा निम्नानुसार थप व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट आयात गर्न पाइने वस्तुहरुको सूचीमा निम्नानुसारका वस्तुहरु थप गरिएको छ :-

   १.१२२ भाग ७२.२८.२०.०० मा उल्लेख भएको Flat Spring

   १.१२३ भाग ७८.०१.९१.०० मा उल्लेख भएको Pure Lead or Antimony Lead alloy

२. परिपत्रको दफा २ को उपदफा २.३ मा नेपालमा दर्ता भएका (i) उत्पादनमूलक औद्योगिक फर्म (ii) बढीमा ५ मेगावाट क्षमतासम्मको उर्जामूलक उद्योगले मात्र भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी आयात गर्न पाउने व्यवस्था भई आएकोमा अबउप्रान्त ***"नेपालमा विधिवत रुपमा दर्ता भएका निर्माण व्यवसायीहरु"*** ले पनि आयात गर्न पाउने व्यवस्था गरिएको छ ।

३. परिपत्रको दफा २.५ "प्रत्येक प्रतीतपत्रमा अनिवार्य रुपले निम्न व्यहोरा राख्नुपर्ने छ" को उपदफा २.५.१ को विद्यमान अनुच्छेद पछि निम्नानुसारको व्यहोरा थप गरिएको छ :-

***"तर निर्यातकर्ता भारतको Special Economic Zone भित्रको निकाय हुन् भने त्यस्ता निर्यातको हकमा AR-4/AR-4A/Nepal Invoice फर्म आवश्यक नहुने तर त्यस्ता***

क्रमश........

***निर्यातहरु Special Economic Zone बाट नै निर्यात भएको भन्ने व्यहोरा प्रमाणित हुने कागजात सम्बन्धित भारतीय Customs बाट प्रमाणित भई आएको हुनु पर्ने"।***

यस सम्बन्धि अन्य व्यवस्थाहरु यथावत राखिएको छ ।

भवदीय,

(रामजी रेग्मी)

कार्यकारी निर्देशक

बोधार्थः

१. गभर्नरको कार्यालय
२. डेपुटी गभर्नरको कार्यालय
३. नेपाल सरकार, वाणिज्य विभाग
४. नेपाल सरकार, अर्थ मन्त्रालय,भन्सार विभाग :- मातहतका भन्सार कार्यालयहरुलाई जानकारी गराई दिनु हुन ।
५. नेपाल सरकार, उद्योग विभाग
६. बैंक तथा वित्तीय संस्था नियमन विभाग
७. बैंक सुपरिवेक्षण विभाग
८. वित्तीय संस्था सुपरिवेक्षण विभाग
९. आन्तरिक लेखा परिक्षण विभाग
१०. सूचना प्रविधि विभाग :- यस विभागको वेभसाइटमा राखिदिनु हुन ।
११. नेपाल बैंकर्स संघ
१२. नेपाल उद्योग वाणिज्य महासंघ
१३. नेपाल उद्योग परिसंघ
१४. नेपाल समुन्द्रपार निकासी पैठारी संघ
१५. नेपाल निर्माण व्यवसायी महासंघ :- मातहतका निर्माण व्यवसायीहरुलाई जानकारी गराई दिनु हुन ।